# संघीय संसद
# प्रतिनिधि सभा

**पाँचौं अधिवेशन**

**बैठक संख्या - ७**

## दैनिक कार्यसूची

२०७६ माघ २१ गते

**मंगलबार**

दिनको १:०० बजे

**समितिमा थप**

१. सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७२ बमोजिम गठित विभिन्न समितिहरुमा मा० सदस्यहरुको नाम थप गर्नुहुने ।

**प्रतिवेदन पेश**

२. महिला तथा सामाजिक समितिका मा० सभापति श्री निरु देवी पालले “ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६” पेश गर्नुहुने ।

३. शिक्षा तथा स्वास्थ्य समितिका मा० सभापति श्री जयपुरी घर्तीले “पारमाणविक विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६” पेश गर्नुहुने ।

**व्यवस्थापन कार्य**

४. मा० अर्थ मन्त्री डा० युवराज खतिवडाले :-

(क) “सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(ख) “सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६” पेश गर्नुहुने ।

(ग) “बैङ्क तथा वित्तीय संस्था सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(घ) “बैङ्क तथा वित्तीय संस्था सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६” पेश गर्नुहुने ।

(ङ) “नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) विधेयक, २०७६” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(च) “नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) विधेयक, २०७६” पेश गर्नुहुने ।

(छ) “धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(ज) “धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७६” पेश गर्नुहुने ।

**शोक प्रस्ताव**

५. सम्माननीय सभामुखले निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुने :-

“प्रतिनिधि सभाको यो बैठक २०४८ सालमा नेपाली काँग्रेसको तर्फबाट राष्ट्रिय सभामा निर्वाचित सदस्य, प्रजातन्त्र एवं लोकतन्त्र स्थापनाका हरेक आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका, सादा र सरल जीवन पद्धतिमा विश्वास गर्ने सर्वप्रिय नेता श्रीराम श्रेष्ठको ८० वर्षको उमेरमा उपचारको क्रममा मिति २०७६ साल माघ २० गते सोमबार ललितपुरस्थित निदान अस्पतालमा निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।”

गोपालनाथ योगी
संघीय संसदको निमित्त महासचिव